श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४४ सालको ऐन नं. १७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "प्राइभेट फर्म रजिष्ट्रेशन (दोस्रो संशोधन) ऐन, २०४४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा २ मा संशोधनः प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (क) मा रहेको "एक वा एक भन्दा बढी व्यक्तिहरू मिली" भन्ने शब्दहरूको सट्टा "एक व्यक्तिले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

"(ङ) "सम्बन्धित विभाग" भन्नाले वाणिज्यसम्बन्धी फर्मको विषयका लागि वाणिज्य विभाग, घरेलु तथा ग्रामीण उद्योगको विषयका लागि घरेलु तथा ग्रामीण उद्योग विभाग र सो बाहेकका अन्य उद्योगको विषयका लागि उद्योग विभाग सम्झनु पर्छ ।"

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को,–

(१) उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) प्राइभेट फर्मको धनीको नाम, ठेगाना र बाबु, बाजेको नाम, र"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै व्यक्तिको नाममा एकै उद्देश्य भएको एक भन्दा बढी वाणिज्यसम्बन्धी प्राइभेट फर्म रजिष्टर गरिने छैन ।"

४. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

"६. विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनु पर्नेः दफा ४ को उपदफा (१) बमोजिम सम्बन्धित विभाग छेउ दिइराखेको विवरणमा कुनै हेरफेर गर्नु परेमा तोकिएको म्यादभित्र तोकिएबमोजिमको सूचना सम्बन्धित विभाग छेउ दिनु पर्नेछ र सम्बन्धित विभागबाट स्वीकृति प्राप्त भएपछि मात्र हेरफेर गर्न सकिनेछ।"

५. मूल ऐनमा दफा ७क. र ७ख. थपः मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. र ७ख. थपिएका छन्ः–

"७क. सम्बन्धित विभागले विवरण माग गर्न सक्नेः (१) यस ऐन अन्तर्गत रजिष्टर भएको कुनै प्राइभेट फर्मसंग सम्बन्धित विभागले त्यस्तो प्राइभेट फर्मको हिसाबको विवरण माग गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको हिसाबको विवरण सम्बन्धित विभागमा पेश गर्नु त्यस्तो प्राइभेट फर्मको कर्तव्य हुनेछ ।

७ख. प्राइभेट फर्म खारेज गर्न सकिने: (१) देहायको अवस्थामा सम्बन्धित विभागले प्राइभेट फर्म खारेज गर्न सक्नेछ:–

(क) वाणिज्य व्यवसायसम्बन्धी प्राइभेट फर्मले तोकिएको अवधि-भित्र नवीकरण नगराएमा,

(ख) प्राइभेट फर्मको धनीले मुनासिब कारण दर्शाई आफ्नो प्राइभेट फर्म खारेज गरी पाउँ भनी सम्बन्धित विभागमा निवेदन दिएमा,

(ग) दफा ४ को उपदफा (३) को विपरीत हुने गरी कुनै कुरा ढाँटी प्राइभेट फर्म दर्ता गरेको ठहरिएमा,

(घ) सम्बन्धित विभागले दफा ७क. बमोजिमको विवरण माग गर्दा सम्बन्धित प्राइभेट फर्मले तोकिएको अवधिभित्र सो विवरण पेश नगरेमा,

(ङ) उद्योगसम्बन्धी प्राइभेट फर्मले कार्य सञ्चालन गरी सम्बन्धित विभागलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(च) उद्योगसम्बन्धी प्राइभेट फर्मले नवीकरण गर्ने म्याद समाप्त भएको मितिले तोकिएको अवधिभित्र नवीकरण नगराएमा वा नवीकरण गराए पनि ईजाजतको शर्त बमोजिम उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेशिनरी औजार वा उपकरणको खरीद वा उद्योग सञ्चालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्बन्धित विभागमा नदिएमा, वा

(छ) प्राइभेट फर्मले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै कार्य गरेमा ।

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम सम्बन्धित विभागले प्राइभेट फर्म खारेज गर्नु अघि सम्बन्धित प्राइभेट फर्मलाई सफाइको सबूद पेश गर्ने उचित अवसर दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम सम्बन्धित विभागबाट प्राइभेट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मका धनीको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को प्राइभेट फर्म रजिष्टर गरिने छैन।"

६. रूपान्तरः मूल ऐनको ठाउँ ठाउँमा प्रयोग भएका "तोकिएको अधिकारी" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित विभाग" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

लालमोहर सदर मितिः– २०४४।६।६।६

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

604